**मिति २०७५।११।१९ गते नेपालगंज उपमहानगरका नगर प्रमुख डा. धवल शम्शेर राणाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठक निर्णयहरु**

**छलफलका एजेण्डाहरु**

१) न्यूरोडमा सपिङ्गकम्प्लेक्स भवन निर्माणको लागि तयार भएको DPR प्रस्तुती सम्बन्धमा

२) स्वास्थ्य सम्बन्धमा

३) विविध

**निर्णयहरु**

१) नेपालगंज उपमहानगरपालिका वडा नं. २, न्यूरोड स्थित यस उपमहानगरपालिकाको स्वामित्वमा रहेको जमीनमा आधुनिक सपिङ्ग कम्प्लेक्स (Multipurpose Complex) भवन निर्माणको लागि अरनीको डिजाईनर एण्ड प्लानर प्रा.लि., काठमाण्डौबाट तयार भएको वृस्तित परियोजना प्रतिवेदन (DPR) स्विकृत गरी भवन निर्माणको लागि सहुलियत ऋण तथा अनुदान सहयोगको लागि नगर विकास कोष (TDF), काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) नेपालगंज उपमहानगरपालिका वडा नं. २ स्थित बागेश्वरी मन्दिर परिसरमा रहेको जमीनमा आधुनिक सपिङ्ग कम्प्लेक्स भवन निर्माण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन देहाय बमोजिमका पदाधिकारी रहने गरी सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १. | डा. धवल सम्सेर राणा, | नगर प्रमुख | संयोजक |
| २. | श्री उमा थापा मगर | उप प्रमुख | सदस्य |
| ३. | श्री सुनिल सिंह हमाल | वडा अध्यक्ष, वडा नं. २ | सदस्य |
| ४. | श्री मो. सफिक वेहना | वडा अध्यक्ष, वडा नं. ४ | सदस्य |
| ५. | श्री दिपक कुमार वर्मा | वडा अध्यक्ष, वडा नं. १८ | सदस्य |
| ६. | श्री कौशल कुमार धावी | कार्यपालिका सदस्य | सदस्य |

३) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तयार पारिएको स्थानीय स्वास्थ्य संस्था तथा व्यवस्थापन नमुना कार्यविधि २०७५का सम्बन्धमा छलफल भै यस उपमहानगरपालिकाको विधेयक समितिले अध्ययंन गरी सुझाव सहित आगामी बस्ने कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

४) यस उपमहानगरपालिकाको स्वास्थ्य नीति, ऐन, नियम, कार्यविधी निर्माणका लागि मस्यौदा समति गठन र स्वास्थ्य शाखाबाट तयार पारिएको प्रस्ताव ऐन, नियम कार्यविधिहरु विधेयक समितिमा पेश गर्ने र उक्त विधेयक समितिले अध्ययंन गरी सुझाव सहित यस कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

५) हात्तीपाइले निवारण अधियान २०७५ सम्बन्धमा फाल्गुन १५ गते र त्यस पछि पनि पानी परि औषधी खुवाउने अभियानमा कठिनाई भएकोले मौसम अनुकुल संगै प्रभाकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

६) सिमापार संक्रमण रोकथाम (Cross Boarder Infection) को लागि नेपालगंज उपमहानगरपालिका वडा नं. १५ जमुनाहामा संचालनमा रहेको Health Desk को लागि आवश्यक पर्ने कोठा भडामा लिई आ.व. २०७४/७५ सम्म जिल्ला जनस्वास्थ्य कार्यालय, बांकेबाट बजेट व्यवस्थापन भैरहेकोमा चालु आ.व. देखि उक्त कार्यक्रमको लागि केन्द्रबाट यस उपमहानगरपालिकामा बजेट पठाएकोले निरन्तर संचालनमा रहेको उक्त हेल्थ डेस्कको लागि साविककै कोठा भाडाको लागि संझौता गरी चालु आ.व. २०७५/०७६को श्रावण १ गते देखि हास सम्मको कोठा भाडा भुक्तान गर्ने र आगामी दिनमा समेत यस कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

७) सिमापार हुन सक्ने विभिन्न रोग संक्रमण महामारी (Cross Boarder Infection) रोकथाम तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम संचालनको लागि नेपालगंज उपमहानगरपालिका वडा नं. १५ जमुनाहा सिमानामा यस उपमहानगरपालिकाबाट संचालनमा रहेको Health Desk अझ बढी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनको लागि जिल्ला प्रहरी कार्यालय, बांकेको मातहतमा रहेको जमुनाहा प्रहरी चौकीको दक्षिण तर्फ रहेको

खाली जमिनमा उक्त हेल्थ डेस्कको लागि अस्थायी संचरना निर्माणको लागि जग्गा उपलब्ध गराईदिनको लागि जिल्ला प्रशासन कार्यालय, बांके र जिल्ला प्रहरी कार्यालय, बांकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

८) नेपालगंज उपमहानगरपालिका वडा नं. ३ स्थित फुलवारी मस्जिदको अधिनमा रहेको खाल्डो जमिनमा यस उपमहानगरपालिकाबाट नगरक्षेत्रको फोहर फाल्ने कार्य भएकोमा उक्त जमिनमा फालिएको फोहरका कारण दुर्गदित भै  वातावरणमा समेत नकारात्मक असर पर्ने देखिएकोले उक्त स्थानमा रहेको दुर्गन्दित फोहर माथि तत्काल माटोपटान गर्ने निर्णय गरियो ।

९) यस नेपालगंज उपमहानगरपालिकालाई स्वच्छ, सफा, सुन्दर एवं हराभरा बनाउने अभियान अनुसार नगरको मुख्य सडक निजी क्षेत्रको समेत सहकार्यमा सरसरफाई कार्य गर्नु पर्ने भएकोले हाललाई १ महिनाको लागि नगरक्षेत्र भित्र पर्ने सुर्खेत रोड सडक खण्डलाई निम्न बमोजिमको क्षेत्र विभाजन गरी सम्पूर्ण सरसफाई कार्यको लागि निजी क्षेत्रका व्यक्ति तथा संघसंस्थाहरु मार्फत कार्यालयले कायान्वयन गर्ने निर्णय गरियो ।

क). भन्सार गेट देखि चौलिका चोक सम्म
ख). चौलिका चोक देखि गणेशमान चोक सम्म
ग). गणेशमान चोक देखि विरेन्द्र चोक सम्म
घ). भम्बोजी विरेन्द्र चोक देखि कारकांदो चोक सम्म
ङ). कारकांदो चोक देखि राझां मनिकापुर चोक सम्म